कलैया उपमहानगरपालिका

नगर कार्यपालिकाको बैठक नं.२७/०८०/८१

आज मिति २०८१।०३।२४ गते सोमवार दिउँसो १:०० बजे कलैया उपमहानगरपालिका नगर प्रमुख श्री बिनोद प्रसाद साह ज्युको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक नं.२७/०८०/८१ (सत्ताईसौं बैठक) मा निम्नानुसारको पदाधिकारीहरुको उपस्थितिमा बैठक बसियो ।

उपस्थिति

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | बिनोद प्रसाद साह | नगर प्रमुख | | |
| २. | रौशन परविन | नगर उपप्रमुख | | |
| ३. | मोहन बहादुर क्षेत्री | वडा अध्यक्ष, वडा नं.१ | | |
| ४. | राजेश कुमार महतो | वडा अध्यक्ष, वडा नं.२ | | |
| ५. | मोहन साह कानु | वडा अध्यक्ष, वडा नं.३ | | |
| ६. | रामेश्वर प्रसाद यादव | वडा अध्यक्ष, वडा नं.४ | | |
| ७. | किशुन राउत अहिर | वडा अध्यक्ष, वडा नं.५ | | |
| ८. | रामविश्वास ठाकुर लोहार | वडा अध्यक्ष, वडा नं.६ | | |
| ९. | सैफुल्लाह मिया अंसारी | वडा अध्यक्ष, वडा नं.७ | | |
| १०. | रंजित चौरसिया | वडा अध्यक्ष, वडा नं.८ | | |
| ११. | पुरुषेत्तम सिं पाण्डे | वडा अध्यक्ष, वडा नं.९ | | |
| १२. | महम्मद सबिर | वडा अध्यक्ष, वडा नं.१० | | |
| १३ | अजय कुमार कुशवाहा | वडा अध्यक्ष, वडा नं.११ | | |
| १४. | ललबाबु महतो | वडा अध्यक्ष, वडा नं.१२ | | |
| १५. | राजेश महथा खत्री | वडा अध्यक्ष, वडा नं.१३ | | |
| १६. | सुरेन्द्र प्रसाद जैसवाल | वडा अध्यक्ष, वडा नं.१४ | | |
| १७. | भोरिक प्रसाद यादव | वडा अध्यक्ष, वडा नं.१५ | | |
| १८. | शेषनाथ साह तेली | वडा अध्यक्ष, वडा नं.१६ | | |
| १९. | दिपेन्द्र महतो | वडा अध्यक्ष, वडा नं.१७ | | |
| २०. | धुरुप राउँत अहिर | वडा अध्यक्ष, वडा नं.१८ | | |
| २१. | हरिन्द्र राउत कुर्मी | वडा अध्यक्ष, वडा नं.१९ | | |
| २२. | मो.आलम पाववरिया | वडा अध्यक्ष, वडा नं.२० | | |

CamScanner

| | | | | |
|---|---|---|---|---|
| २३. | शिवबिहारी चौधरी | वडा अध्यक्ष, वडा नं.२१ | | |
| २४. | शिवचन्द्र कामी | वडा अध्यक्ष, वडा नं.२२ | | |
| २५. | अमिन अंसारी | वडा अध्यक्ष, वडा नं.२३ | | |
| २६. | हिरालाल चौधरी | वडा अध्यक्ष, वडा नं.२४ | | |
| २७. | चन्दन पटेल | वडा अध्यक्ष, वडा नं.२५ | | |
| २८. | धर्मेन्द्र प्रसाद यादव | वडा अध्यक्ष, वडा नं.२६ | | |
| २९. | अशोक कुमार तिवारी | वडा अध्यक्ष, वडा नं.२७ | | |
| ३०. | चम्पा देवी | कार्यपालिका सदस्य | | |
| ३१. | कल्पना अधिकारी नेपाल | कार्यपालिका सदस्य | | |
| ३२. | ललिता देवी | कार्यपालिका सदस्य | | |
| ३३. | कान्ती कुमारी | कार्यपालिका सदस्य | | |
| ३४. | लिलावती कुमार लोहार | कार्यपालिका सदस्य | | |
| ३५. | उदित कुमार साह कानु | कार्यपालिका सदस्य | | |
| ३६. | रामेश्वर सिंह रामेश्वर सिंह | कार्यपालिका सदस्य | | |
| ३७. | नाथु साह | प्रमुख प्रशासकीय अधिकृत | | |

बैठकमा सहयोग गर्ने कर्मचारीहरुको उपस्थिति

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | शैलेश कुमार महतो | प्रशासन शाखा प्रमुख | | |
| २. | पुजा यादव | सहायक पाँचौ | | |
| ३. | श्यामबाबु यादव | का.स. | | |

**कलैया उपमहानगरपालिका**

**नगर कार्यपालिकाको बैठक नं.२७/०८०/८१ मिति २०८१।०३।२४ गतेको एजेण्डा तथा निर्णयहरु**

**छलफल गरिने विषयहरु र निर्णयहरु (Agendas and Decisions)**

**१. राजाराम बहुमुखी क्यामपसमा छात्राको लागि अवास (छात्रावास भवन) निर्माण सम्वन्धमा ।**

**निर्णय** : संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं.४२२ मिति २०८१/०३/०५ गतेको पत्रवाट उच्च प्रभावयुक्त सामुदायिक विकास परियोजना (HICDPs) अन्तर्गत स्थानीय तहले आयोजना पेश गर्न माग भएको र राम राजा (एम.बि.साह) बहुमुखी क्यामपस, कलैयाले छात्र/छात्राको छात्रावास भवन निर्माणको लागि चाहिने सम्पुर्ण खर्च विवरण सहितको DPR प्रतिवेदन तथा नक्सा डिजाईन सहित यस उपमहानगरपालिकाको कार्यालयवाट बजेट माँग गरेको हुनाले उच्च प्रभावयुक्त सामुदायिक विकास परियोजना (HICDPs) का लागि राजाराम बहुमुखी क्यामपसमा छात्राको लागि अवास (छात्रावास भवन) निर्माण योजना प्रस्ताव पेश गर्ने निर्णय गरियो । साथै आयोजनामा गर्नुपर्ने लागत सहभागिता नगरपालिकाले बेहोर्ने निर्णय गरियो ।

**२. विधालय अन्तरगतका योजनाहरुको म्याद थप सम्वन्धमा ।**

**निर्णय** : राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तरगत आ.व.२०७९/०८० मा भवन निर्माण कार्यका लागि प्राप्त भएका योजनाको प्राविधिक कारणले समयमा सम्पन्न हुन नसकेकोले तपसिल वमोजिमका विधालयहरुको २(दुई) कोठे र ४(चार) कोठे योजना हाल सम्पन्न भएकोले भुक्तानीको लागि म्याद २०८१ अषाढ मसान्त सम्म थप गर्ने निर्णय गरियो ।

तपसिल :

१. श्री सरस्वती आधारभुत विधालय, पर्ता टोल, कलैया २७ बारा - २(दुई) कोठे पक्की भवन निर्माण कार्य ।
२. श्री तपी माध्यमिक विधालय, कलैया २१, बारा - ४(चार) कोठे पक्की भवन निर्माण कार्य ।
३. श्री नेपाल राष्ट्रिय आधारभुत विधालय, कलैया १३, बारा-४(चार) कोठे पक्की भवन निर्माण कार्य ।
४. श्री जन ज्योती आधारभूत विधालय सगरदिना, कलैया २१, बारा -२(दुई) कोठे पक्की भवन निर्माण कार्य ।

**३. वडा नं.१४ को पुरानो योजना फरफारक गर्ने सम्बन्धमा ।**

**निर्णय** : कलया उपमहानगरपालिका वडा नं.१४ को तपसिलका पुरानो योजनाहरु उपभोक्ता समितिसंग सम्झौता भई हाल सम्म लिएको रनिङ्ग वीलको भुक्तानी रकमलाई आधारमानी उक्त योजनाहरुको फरफारक गर्ने निर्णय गरियो ।

तपसिल :

१. बधवन बजार देखि दक्षिण दिशा तर्फ भौरा जाने बाटोमा माटो पुरी होम पाईप जडान कार्य ।
२. वधवन टोलमा नाला निर्माण कार्य ।
३. श्री ने.रा.नि.मा.विधालय देखि पुर्व दक्षिण तर्फ मेन रोड सँगै नाला निर्माण कार्य ।

CamScanner

४. सार्वजनिक जग्गा उपभोग सम्बन्धी अख्तियारको परिपत्र सम्बन्धमा ।

**निर्णय :** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं.६७० मिति २०८१ असार १३ गतेको निर्णय कार्यान्वयन सम्बन्धी पत्रमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग टङ्गाल, काठमाण्डौले नेपाल सरकारको नाउमा रहेको सरकारी वा सार्वजनिक जग्गामा स्थानीय तहहरु लगायत सरकारी निकायहरुले प्रचलित कानुन अनुसार आफ्नो नाउंमा भोगाधिकार कायम नगर्दै सार्वजनिक संरचना निर्माण गर्ने कार्यको प्रतिक्रिया धालनी नगर्न/नगराउन हुन तथा नेपाल सरकारको नाउंमा रहेको सरकारी वा सांजनिक जग्गाको उपभोग गर्ने प्रयोजनार्थ खरिद प्रक्रिया अगाडी बढाउनु पुर्व भुमिसम्बन्धी प्रचलित कानुनका अलावा अन्य नेपाल सरकारका प्रचलित कानुनको कार्यान्वयन गर्न/गराउन हुन भनी दिएको सुझाव माथी छलफल गरियो ।

५. कर्मचारी प्रोत्साहन सम्बन्धमा ।

**निर्णय :** यस उपमहानगरपालिकाका तपसिल बमोजिमको कार्यमा खटि कार्य संचालन गरेका तपसिलका कर्मचारीहरुलाई प्रोत्साहन गर्ने निर्णय गरियो ।

तपसिल :

१. व्यवसाय दर्ता अभियान संचालनकर्ताहरुको प्रोत्साहन :

| क.सं. | कर्मचारीको नाम | वडा नं. | दिन | दर | जम्मा |
|---|---|---|---|---|---|
| १ | मोहन प्रसाद क्षेत्री | १ | ५ | १००० | ५००० |
| २ | अमन ढुगांना | १ | ५ | १००० | ५००० |
| ३ | रामेश्वर प्रसाद यादव | ४ | ४ | १००० | ४००० |
| ४ | खेदु मिया अंसारी | ४ | ४ | १००० | ४००० |
| ५ | किसुन राउत मुखिया | ५ | २ | १००० | २००० |
| ६ | धनबाहादुर नेम्वांग | ५ | २ | १००० | २००० |
| ७ | राजेश ठाकुर | ६ | ३ | १००० | ३००० |
| ८ | प्रभात कुमार वर्मा | १,४,५,६ | १४ | १००० | १४००० |
| ९ | तैयब अंसारी | १,४,५,६ | १४ | १००० | १४००० |
| १० | सुनिता देवी कलवार | | ५ | १००० | ५००० |
| जम्मा | | | | | ५८००० |

२. विधालय तथा सहकारी अनुगमनकर्ताहरुलाई प्रोत्साहन :

| क.सं. | कर्मचारीको नाम | पद | दिन | दर | जम्मा |
|---|---|---|---|---|---|
| १ | विजय अधिकारी | शिक्षा अधिकारी | १५ | १००० | १५००० |
| २ | रोशन कुमार अधिकारी | अधिकृत छैठौ | १५ | १००० | १५००० |
| ३ | प्रभात कुमार वर्मा | राजस्व शाखा प्रमुख | १५ | १००० | १५००० |
| ४ | महन्त ठाकुर | सहायक चौथो | १५ | १००० | १५००० |
| जम्मा | | | | | ६०००० |

CamScanner

**६. स्थानीय तह सेवा इकाईको व्यवस्थापन सम्बन्धमा ।**

**निर्णय :** राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग ( पञ्जीकरण शाखा ) सिंहदरबार, काठमाडौंको पत्र संख्या ०८०/०८१ च.नं. ४३५ मिति २०८१।०२।३२ को पत्रानुसार व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा भत्ता वितरणको लागि व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन प्रणाली ( VERSP-MIS ) माफत व्यस्थित गर्न SSSPCR को अवधि मिति २०८१ असाढ १६ ( सन् २०२४ जुन ३० ) बाट समाप्त हुने र उल्लिखित प्रणालीलाई सुदृढ, संस्थागत तथा दिगो बनाउन सेवा इकाईलाई निरन्तरता दिन बढ्दो जनसंख्या तथा कार्यबोझ अनुसार ३ जना कार्यरत कर्मचारी मध्ये १ जना एम.आई.एस. अपरेटर र १ जना फिल्ड सहायक गरी २ जनाको ६ महिना बाराबरको पारिश्रमीक वापत हुन आउने रकम ( विभागको निर्णय नं.५ र ६ अनुसार ) कलैया उपमहानगरपालिकाले तलब बजेट करार सेवाका कर्मचारीको तलब बजेट शिर्षकबाट श्रोत साझेदारी गर्ने र बाँकी १ जना एम.आई.एस.अपरेटरको १२ महिना बाराबरको पारिश्रमीक चाँडपर्व खर्च र पोशाक भत्ता वापत हुन आउने रकम समेत करार सेवा कर्मचारीको तलब बजेट शिर्षकबाट श्रोत साझेदारी गर्ने गरी व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन प्रणाली ( VERSP-MIS ) २ जना एम.आई.एस.अपरेटर र १ जना फिल्ड सहायक रहने गरी सेवा इकाईलाई निरन्तरता दिई संचालन गर्ने निर्णय गरियो ।

**७. Electrification Work (KSMC/NCB/WORKS-06-080/81) को म्याद थप गर्ने सम्बन्धमा ।**

**निर्णय :** यस उपमहानगरपालिकाको **Electrification Work** ठेक्का नं. **KSMC/NCB/WORKS-06-080/81** को सम्झौता अनुसार काम भईरहेको र केहि ठाँउमा साईट क्लियर हुन नसकेको र बर्षातको कारण काम गर्न कठिनाई भएकोले उक्त कार्य सम्पन्न गर्नका लागि २०८१ पौष मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो ।

**८. नगर सभागृह(TOWN HALL) ठेक्का नं.KSMC/NCB/WORKS-01-080/81 को म्याद थप सम्बन्धमा ।**

**निर्णय :** कलैया उपमहानगरपालिकाको समपूरक अन्तरगत छनौट भएको नगर सभागृह (TOWN HALL) ठेक्का नं.KSMC/NCB/WORKS-01-080/81 योजना चालु आ.व.मा सम्पन्न गर्ने लक्ष्य रहेको र सोहि वमोजिम अगामी आ.व.मा राष्ट्रिय योजना आयोगमा बजेट प्रस्ताव समेत नगरिएको र थपिएको म्याद सम्म सम्पुर्ण कार्य हुन नसक्ने अवस्था रहेकोले नगर सभागृहको कार्य अधुरो रहन गई विनियोजित रकमको सदुपयोग नहुने अवस्था देखिएकोले विनियोजित र खर्च भएको स्रोत साधनको अधिक्तम सदुपयोग गर्दै नगर सभा गृहलाई संचालनमा ल्याउन केन्द्रबाट प्राप्त समपूरकको रकम खर्च गर्ने र नगरपालिकाको कार्यालयले योगदान गर्नुपर्ने समपूरकको रकमबाट निर्माण कार्यको म्याद आ.ब.२०८१ असोज मसान्त सम्म थप गरि नगर सभागृहको बाकी कार्य गर्ने गराउने निर्णय गरियो ।

**९. Park Planning and Beautification of Ram Janaki Temple (ठेक्का नं. KSMC/NCB/WORKS-03-080/81) को म्याद थप गर्ने सम्बन्धमा ।**

**निर्णय :** कलैया उपमहानगरपालिकाको ठेक्का नं. KSMC/NCB/WORKS-03-080/81 को Park Planning and Beautification of Ram Janaki Temple को निर्माण कार्य विभिन्न प्राविधिक कारणले साईट क्लियरेन्स नरहेको/नभएको हुनाले समय भित्र कार्य सम्पन्न हुन नसेकेकोले उक्त कार्य सम्पन्न गर्नका लागि २०८१ पौष मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो ।

CamScanner